# सामुदायिक वनमा आधारित गरिबमुखी उद्योगको अवधारणा

——— डा. भरत कुमार पोखरेल

**सारांश**

यस लेखमा वनमा आधारित उद्योगबाट गरिब वर्गले पाउनु पर्ने जति फाइदा पाउन नसकेको अवस्थाको चित्रण गरिएको छ। वनमा आधारित गरिबमुखी उद्योगको अवधारणात्मक पक्ष, विभिन्न निकायहरूले खेल्नु पर्ने भूमिका तथा त्यस्ता उद्योगको स्थापनाका लागि आवश्यक पर्ने पूर्व सर्तहरू र उद्योग व्यवस्थापन लेखका महत्वपूर्ण पक्षहरू हुन । निष्कर्षमा लेखले सामुदायिक वनमा आधारित उद्योग त्रि-पक्षीय निकाय (समूह, निजी क्षेत्र र गरिब वर्गको उप-समूह) को साझेदारीबाट सम्भव छ, जसबाट गरिब वर्गले कामदारको रूपमा, समूहको सदस्यको रूपमा र लगानी कर्ताको रूपमा गरी तीन तिर बाट फाइदा लिन सक्छन् भन्ने कुरा देखाएको छ।

## गरिब वर्ग ठगिएको वर्तमान अवस्था

वनमा आधारित उद्योग भन्ने बित्तिकै कि त बडे बडे काठ चिरानी उद्योग या फर्निचर उद्योग अथवा भारतीय जडीबुटी व्यापारी र उद्योगपती र यदाकदा जडीबुटी प्रशोधन कम्पनी भन्ने बुझिन्छ । हालसाल फाट्टफुट्ट रूपमा देखिएका नेपाली कागज उद्योग, स-साना सुगन्धित तेल प्रसोधन केन्द्र, बाँस, बेत र घरेलु फर्निचर उद्योग पनि वनमा आधारित मध्यम स्तरका उद्योगमा गनिन थालेका छन् । बाबियोको डोरी, टपरी, बेल, काफल र गुराँसको जुस, बाँस र काठका सजाउने सामानहरू पनि वनमा आधारित उद्योगको रूपमा देखिन थालेका छन् । यी सबै खाले उद्योगहरू कुन वर्गका मानिसहरूको हातमा छन् र यसबाट कसलाई बढी मात्रामा फाइदा भएको छ भन्ने कुरा बुझ्नु जरूरी हुन्छ । सरसर्ती हेर्दा सबै खाले वनमा आधारित उद्योगबाट तिनै ठेकेदार, व्यापारी र उद्योगका मालिकहरूनै बढी मात्रामा लाभान्वित भएको पाइन्छ । थोर बहुत आम्दानी गर्नेहरूमा इजाजत र पुर्जी दिने, अनुमती पत्र चेक गर्ने, कर र अन्तशुल्क असुल्ने, चेक जाँच गर्ने निकायहरू पनि पर्लान् । तर वन पैदावारको सङ्कलन, प्रसोधन र व्यापारको सिलसिलामा गर्नु पर्ने सबैभन्दा कठिन काम गर्ने गरिब वर्ग जसले आरा चलाउने, मुढा पल्टाउने, भीर पहरा चारीचारी जडीबुटी सङ्कलन गर्ने, रूख चढ्ने आदि काम गर्छन् तिनीहरूले पाउने ज्याला र काम पाउने समयावधी हिसाब गर्ने हो भने मासिक रूपमा मुस्किलले सरदर १५०० देखि २००० रूपैयाँ भन्दा बढी नपर्ने रहेछ । धेरैजसो काम मौसमी, जोखिमपूर्ण, अनकंटार, बिकट र दुर्गम क्षेत्रमा हुने भएकाले पनि गरिब वर्गको मर्का र उनीहरू ठगिएको कुरो उठाउन उनीहरू सङ्गठित रूपले जुटी नसकेकाले पनि मुश्किल पर्ने रहेछ । त्यसैले झट्ट हेर्दा वनमा आधारित उद्योग भनेको हुने खाने, ख्वाउन र लगानी गर्न सक्नेले मात्र गर्ने पेशा हो भन्ने पनि पर्दो रहेछ । गरिब वर्ग भनेको त "केवल काम गर्ने कामदार मात्र हुन्" भन्ने भावना धेरै पुँजीपती वर्गमा रहेको समेत पाइन्छ । बिकट र अनकंटार ठाउँमा मौषमी रूपमा काम गर्ने भएकाले उद्योग मालिकसँगको सम्पर्क बाहेक बाहिरी दुनियासँग त्यस्ता कामदार र मजदुर वर्गको सम्बन्ध र सम्पर्क पनि कम हुने रहेछ । त्यसैले पनि होला उनीहरूको मोल मोलाई गर्ने क्षमता र बाहिरी दुनियाँबाट हुने सहयोगको मात्रा पनि कम हुने भएकाले यी वर्गहरूको अधिकार र भलाइका लागि

आवाज उठाउने, लेख्ने र सशक्तिकरण गर्ने विकासे निकाय तथा विज्ञहरूको खाँचो पनि टड्कारो रूपमा देखिएको छ । वनमा आधारित उद्योगसँग सम्बन्धित कामदार मजदुरहरू र वन पैदावार सङ्कलकको अहिलेको अवस्थाको विश्लेषण गर्ने हो भने अधिकांश कामदार र संङ्कलकहरू अत्यन्तै गरिब, निमुखा र ठगिएका वर्गहरूमा पर्दछन् । कतिपय अवस्थामा ढिलो ज्याला पाउने, हिसाब गर्न नजान्ने, कामपूर्व पेस्कीको रूपमा ज्याला लिंदा ज्याला दर न्यून पाउने, वन पैदावारको हिसाब गर्दा तौलमा ठगिने, वन पैदावारको भण्डार र स्तरीकरण राम्रो नभएर कुहिएर सडेर नोक्सान भएको अवस्थामा कामदारले क्षतिपूर्ति नपाउने र वन नोक्सानी भएको आरोप र जरिवाना तिर्नु पर्दा गरिब कामदारकै थाप्लोमा आउने परिपाटीले गरिब वर्गहरू ठगिएको अवस्था छ ।

## गरिबमुखी उद्योगको सम्भावना कत्तिको छ ?

माथि उल्लेखित समस्याको समाधान त्यस बेला सम्भव छ जुन बेला गरिब वर्गहरू ठेकेदार र मालिकसँग साझेदार सङ्गठित शक्तिको रूपमा पहिचान हुन्छन् र उद्योगमा सेयरहोल्डरको रूपमा चिनिन्छन् । यसको अलावा, गरिब वर्गले अहिलेको अवस्थामा कमाएको ज्यालाको कमसेकम तेब्बर चौबर रकम उनीहरूको खल्तीमा पुग्दछ । जुनकुरा त्यो बेला मात्र सम्भव छ जुन बेला अहिले कामदारले कमाएको आम्दानीको बाटोहरू एकभन्दा बढी हुन सक्छन् र आर्थिक रूपले लगानीकर्ताको रूपमा इज्जत पाउन सक्छन् । यसको अलावा मानवीय शक्ति (पाखुरा र सीप) खर्च गरेर आम्दानीको स्रोतहरू बढाउन पनि सक्छन् । यी सबै कुरा हुनका लागि गरिबमुखी उद्योगको अवधारणा र सोचको खाँचो टड्कारो रूपमा देखिएको छ । जसका महत्वपूर्ण पक्षहरू निम्न अनुसार बक्समा दिइएको छ ।

**गरिबमुखी उद्योगका अवधारणात्मक पक्षहरू**

१. वन उपभोक्ता समूह भित्रका अत्यन्तै बिपन्न भनेर पहिचान भएका गरिब घरधुरी, वनमा आधारित उद्योगसँग सम्बद्ध कामदार, संङ्कलक र मजदुर वर्गहरूको उप-समूह गठन गरी उनीहरूलाई वनमा आधारित उद्योगको सेयर लिन बैंक वा सहयोगी संस्थासँग सम्बन्ध गाँसी दिने र ती उप-समूहहरूलाई उद्योगको सेयर होल्डरको रूपमा स्थापित गराउने । उनीहरूले नाफा लिन थालेपछि पाएको ऋण अर्को समूहका बिपन्नहरूमा स्वतह रूपमा निश्चित समयावधीमा सर्ने पद्धतीको विकास गर्ने । यसका लागि समता मूलक घुम्ती कोष पनि एक विकल्प हो ।

२. सामुदायिक वन उपभोक्ता समूहहरू, समूह भित्रका वा छिमेकी समूहका वा स्थानीय निजी लगानीकर्ता र गरिब विपन्न वर्ग भनेर पहिचान भएका घरधुरीको उप-समूह समेत गरी त्रि-पक्षीय (उपभोक्ता समूह, निजी क्षेत्र र विपन्न समूह) को संयुक्त लगानीमा उद्योग सञ्चालन गर्ने । सेयरको आधारमा नाफाको अंशको बाँडफाँट गर्ने । उद्योगको व्यवस्थापन पेशागत दक्षता भएको टिमबाट गर्ने ।

३. उद्योगको कार्यक्षेत्र केवल प्रसोधन र उत्पादन मात्र नभएर क्रमशः राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने र शहरी क्षेत्रमा बिक्री कक्ष समेत स्थापना गर्ने । परिणाम स्वरूप, दलाल र व्यापारीहरूमा जाने नाफाको केही अंश समेत गरिब वर्गको हातमा पुगोस् ।


४. गरिब तथा विपन्न वर्गलाई केवल कामदार र मजदुर मात्रको हैसियतमा नराखी उद्योगी, व्यापारी र स्रोत व्यक्तिको रूपमा विकास गर्ने रणनीति लिने । जसका लागि गरिब वर्गले पाउने आम्दानीका बाटाहरू एकभन्दा बढी हुन्छन् । ती सम्भावित बाटाहरू हुन् - गरिब वर्गले मजदुरको हैसियतले कमाउने बाटो, सेयर होल्डरको हैसियतले पाउने इज्जत र आम्दानीको बाटो लाभांश तथा वन उपभोक्ता समूहको सदस्यको हैसियतले पाउने सुविधा र नाफाको हिस्सा । यसरी तीन तिरबाट आएको आम्दानीको केही अंश गरिब वर्गले शिक्षा, स्वास्थ्य, सरसफाइ र व्यापार विस्तारमा लगानी गर्न सकुन् । परिणाम स्वरूप उनीहरूको जीवीकोपार्जनका अवसरहरूमा विविधता आओस् र रोजगारीका संभावनाहरू बढुन् ।

**गरिबमुखी उद्योगको विकासमा कसले के गर्न सक्छन् ?**

हालसम्मको नेपाली समाजको मनोविज्ञान, शील स्वभाव, हुने खाने वर्गको आचरण र कार्य पद्धतिलाई हेर्दा के अनुभव गरिएको छ भने गरिब वर्गलाई या त सहानुभुतिपूर्वक दया गरे जस्तो गरेर हेर्ने गरिन्छ वा गरिबीलाई फोहोरसँग दांजेर हेला गर्ने, घृणा गर्ने, तिरस्कार गर्ने, छिः छिः दुर दुर गर्ने, दोष दिने, अपहेलना गर्ने र गरिबीको जिम्मेवार गरिबहरू आफै हुन् भनेर आरोपित गर्ने गरिन्छ । यो अत्यन्तै गैर जिम्मेवारपूर्ण, गैर मानवीय सामन्ती सोच र संस्कारको परिणाम हो । गरिब वर्ग समाजका लागि समस्या होइनन् । ती वर्ग शक्तिका स्रोत तथा मानवीय शक्तिका भण्डार हुन् । गरिब वर्ग कामको खोजीमा छन् भन्नुको मतलव उनीहरू आफ्नो परिवार, समाज र राष्ट्र निर्माणमा सहभागी हुन आतुर छन् । समस्या त हामी ठूला ठूला कुर्सी र पदमा बसेका मानिस हौं जसले गरिब र बेरोजगार वर्गको मानवीय स्रोतको प्रयोग हुन दिएका छैनौं । बाधा गरेका छौं । उनीहरूलाई काम गरी खाने वातावरण र अवसर दिएका छैनौं । यो कुरा सबै तह र पदमा बसेका मानिसहरूले सम्बेदनशील भएर बुझ्नु पर्ने, सोच्नु पर्ने, सुधिनु पर्ने, आत्मा आलोचना गर्नु पर्ने र अब गरिबी प्रति जिम्मेवार र गरिब वर्गको अधिकार दिलाउन सकारात्मक भएर लाग्नु पर्ने विषय हो । गरिबमुखी उद्योगको निर्माण र विकास अभियानमा पनि यो कुरा लागू हुन्छ । गरिबमुखी उद्योगको विकासमा विभिन्न निकायहरूले खेल्नु पर्ने भूमिका निम्न अनुसारको हुन सक्दछः

- उपभोक्ता समूहका सबै सदस्यहरूले आमभेलाबाट गरिब वर्गको छुट्टै उप- समूहको पहिचान गरी त्यसलाई मान्यता दिई सेयर हाल्न पाउने प्रावधान बारे आमभेलामा निर्णय गर्नु पर्दछ,
- जिल्ला वन कार्यालयले उपभोक्ता समूहको आमभेलाले गरेको निर्णयलाई कानुनी मान्यता हुने गरी वन कार्ययोजना स्वीकृत गरी दिनु पर्दछ र त्रि-पक्षीय साझेदारी हिसाबले उद्योग खोल्ने व्यवस्थालाई मान्यता प्रदान गरी दिनु पर्दछ । कम्पनी कानुन वा सहकारी कानुन जुनसुकै कानुनको अधिनमा रहेर पनि उद्योग खोल्न पाउनु पर्ने गरी स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न, अनुगमन र मूल्याङ्कन गर्न भौतिक, वित्तिय, प्राविधिक र नैतिक सहयोग गर्नु पर्दछ,
- गैर सरकारी संस्था र सेवा प्रदाय संघ संस्थाहरूले गरिबमुखी उद्योग स्थापना र कार्यान्वयनको अभियानलाई सहजीकरण, सहयोग र यसका पक्षमा जनवकालत गर्नु पर्दछ,
- बैंक, दातृ संस्था र परियोजनाहरूले गरिबमुखी उद्योगको अवधारणा र पद्धतिको विकास, अनुभवको आदान-प्रदान, बित्तीय, प्राविधिक, भौतिक र नैतिक सहयोग गर्नु पर्छ,
- निजी उद्यमीहरूले गरिबवर्ग प्रति बढी संवेदनशील भै अधिकारमुखी अवधारणालाई टेवा दिन गरिब वर्गलाई पनि साझेदार संस्था र निकायको रूपमा स्वीकार गरी संयुक्त लगानी गर्नु पर्दछ,
- गरिब वर्ग स्वयं जागरूक र सक्रिय भै आफ्नो अधिकारको वोध गरी सेयर होल्डर, कामदार र समूहको सक्रिय सदस्यको रूपमा जिम्मेवार भै भूमिका निर्वाह गर्नु पर्दछ । उद्योगमा लगानी, सञ्चालन र व्यवस्थापनमा कसरी पर निर्भरता कम गर्दै जाने र स्वाभिमान र स्वावलम्बनलाई व्यवहारमा उतार्ने भन्ने कुराको बिचार गरी बढी मेहनती र परिश्रमी भै सुविधामा पाएको ऋण चुक्ता समयमै गर्ने र आफ्नो पालो पुग्ना साथ अरू गरिब वर्गलाई मदत गर्ने मनसाय लिई अगाडि बढ्नु पर्छ ।

**चित्रः त्रि-पक्षीय साझेदार भएको उद्योगबाट विपन्न वर्गले तीनतिरबाट आम्दानी पाउने बाटाहरू देखाइएको चित्र**



## दिगो र सफल उद्योगका लागि आवश्यक व्यवस्था र पूर्व सर्तहरु

माथि उल्लेखित अवधारणा जति चाखलाग्दो र गरिबमुखी छ त्यति नै चुनौतीपूर्ण पनि छ । अवधारणामा सामाजिक न्याय र समानताका कुराहरूलाई बढी केन्दीत गरिएको छ । तर यी पूरा हुनका लागि गरिबमुखी मनस्थिति, उपभोक्ता समूहको असल शासकीय पद्धति र वन स्रोतको दिगो व्यवस्थापनका पक्षहरू चुस्त र प्रभावकारी हुनु जरूरी छ । त्यसका लागि वन उपभोक्ता समूहका जिम्मेवार नेताहरू, उपभोक्ताहरू, सरकारी र गैर सरकारी आयोजना परियोजनाका कर्मचारीहरूको गरिब प्रतिको संबेदनशिलता, व्यक्तिगत र पेशागत रूपमा राम्रो आचरण, कार्यशैली, स्वभाव र प्रतिवद्धताको आवश्यकता पर्दछ । सारांशमा भन्नुपर्दा तलका ४ ओटा बुँदाहरूलाई दिगो र सफल उद्योगका लागि आवश्यक व्यवस्था र पूर्व सर्तहरूको रूपमा लिन सकिन्छ (बक्समा हेर्नुहोस्) ।

**दिगो र सफल उद्योगका लागि आवश्यक पूर्व सर्तहरू**

- गरिबमुखी उद्योग स्थापना हुनुपूर्व वन उपभोक्ता समूह भित्रका सक्रिय पक्षहरूको बारेमा स्व-मूल्याङ्कन गरी सामाजिक न्याय, लैङ्गिक र जातीय समानता, पारदर्शीता, जवाफदेहिता, आदि विषयमा प्रशिक्षण र सुधारको आवश्यकता पर्दछ । गरिब वर्गहरूलाई सकारात्मक विभेदको आवश्यकता पर्ने कुराको महसुस उपभोक्ता समूहमा हुनु पर्दछ,
- उद्योग सञ्चालनका लागि आवश्यक पर्ने स्रोतको हैसियत र गुणस्तर राम्रो कायम राख्न सकिए मात्र चाहिने कच्चा पदार्थको आपूर्ती दिगो र निरन्तर हुन सक्छ । सोको लागि दिगो वन व्यवस्थापनका सिद्धान्तको कार्यान्वियन खासगरी वन सम्बन्धी क्रियाकलाप र स्रोतको सदुपयोगको योजना वन कार्ययोजनामा स्पष्ट हुनु पर्दछ र सोको प्रभावकारी कार्यान्वयन र अनुगमन पद्धतिको विकास समूहबाटै हुनु पर्दछ,
- उद्योगमा गरिब वर्गको सेयर लगानी हुने प्रावधान गरिबको लागि कसैले गर्ने दयाको रूपमा नभै अधिकार र सामाजिक न्यायको आधारमा हुने व्यवस्था हो । पहिचान भएका विपन्न घरधुरीको अधिकार, कर्तव्य, भूमिका, दायित्व, सहुलियत र सर्तहरू समूहको आमसभाबाटै पारित भै कानुनी मान्यताका लागि वन कार्ययोजनामा उल्लेख गरी जिल्ला वन अधिकृतबाट स्वीकृत हुनु पर्दछ । कार्ययोजनामा प्रावधान हुनु भनेको कानुनी रूपमा समेत अधिकार सुनिश्चित हुनु हो । यसो हुन नसकेमा गरिबवर्गले मौखिक आश्वासनमा भर पर्नु पर्ने हुन्छ र गरिब वर्ग दयाका पात्र हुन जान्छन् जुन राम्रो र टिकाउ हुने कुरा होइन,
- समूहको वन कार्ययोजना, समूह र समितिको निर्णयको अलावा उद्योग स्थापनाका लागि आवश्यक पर्ने अर्को महत्वपूर्ण पक्ष हो व्यापारिक योजनाको निर्माण, उद्योग दर्ता र यसको व्यवस्थापकीय पक्ष । उद्योगको स्थापना, स्रोत सर्भेक्षण, सेयर खरिद, आम्दानीका स्रोत, खर्चको अनुमान भएको व्यापारिक योजना सुरूसुरूमा सेवा प्रदाय संस्थाको सहयोगमा सहभागीमूलक ढङ्गले तयार गरी समूहको भेलाबाट पारित गराउनु पर्दछ,
- उद्योग व्यवस्थापनको जिम्मा उद्यम र व्यापारको ज्ञान, सीप र अनुभव भएको व्यवसायिक टिमलाई दिनु पर्दछ जस्ले उद्योगको प्रवर्द्धन, बिस्तार र व्यवस्थापन पक्षको सम्पूर्ण जिम्मेवारी लिन सकोस् । उद्योग सञ्चालनको नीति निर्माण तथा व्यवस्थापन टिमलाई निर्देशन गर्ने निकायको रूपमा संचालक समितिको व्यवस्था हुनुपर्दछ, जुन सेयर होल्डर मध्ये बाटै हुनु राम्रो हुन्छ । सेयर होल्डरहरूको आमसभा उद्योगको उच्च र सर्व शक्तिमान निकाय हुनु पर्दछ ।

## गरिबमुखी उद्योगबारे अन्यत्रको अनुभव के छ ?

फरेष्ट ट्रेण्ड्स (Forest Trends), सिफोर र आई.यू.सि.एन.को संयुक्त तत्वावधानमा भर्खरै छापिएको किताबमा गरिबमुखी उद्योगको अवधारणाको विभिन्न मुलुकमा भएको प्रयासबारे विश्लेषण गरिएको छ । जसअनुसार एसियाका बाङलादेश, भारत, भियतनाम, इण्डोनेसिया, अफ्रिकाका जिम्वावे, मोरक्को, दक्षिण अफ्रिका, नाइजर, घाना, दक्षिण अमेरिकाका ब्राजिल, मेक्सिको, होण्डुरस, बोलिभिया तथा संयुक्त राज्य अमेरिकामा समेत गरिबमुखी अवधारणामा

उद्योग खोल्ने प्रयास भएका छन् । यसबाट धेरै गरिब वर्गहरू लाभान्वित भएको कुरा स्केएर र साथीहरू (२०६१) को अध्ययनबाट थाहा भएको छ । यसै अनुभवको आधारमा नेपालमा पनि दोलखा जिल्लाको जिरी क्षेत्रका ७ ओटा वन उपभोक्ता समूहहरू निजीक्षेत्र, उपभोक्ता समूह र विपन्न वर्गको संयुक्त लगानीमा नेपाली कागज उद्योग स्थापनामा जुटेका छन् (हेर्नुहोस नर्स र साथीहरूको प्रतिवेदन २०६१) ।

## निष्कर्ष

सामुदायिक वनको अबको चरण भनेको सबै तहमा शुसासन कायम गरी वनको दिगो व्यवस्थापन गर्ने र वनमा आधारित उद्योगहरूको माध्यमबाट बढी भन्दा बढी गरिब वर्गमा लाभ पुऱ्याउनु पर्ने काममा केन्द्रित हुनु हो । त्यसका लागि सामुदायिक वन उपभोक्ता समूह, पहिचान भएका विपन्न घरधुरीहरूको उप-समूह र निजी क्षेत्रका उद्यमी लगानी कर्ताहरूको त्रि-पक्षीय संयुक्त लगानीमा वन उद्योगको स्थापना गर्नु पर्दछ । गरिबमुखी उद्योगको लक्ष विपन्न वर्गलाई ज्यालादारी कामदार, सेयर होल्डर र समूहको सदस्यको हैसियतले तीन तर्फबाट आम्दानीका बाटाहरू खुलाइ उद्योगको साझेदार सेयर होल्डर र मालिक बनाउनु हो । गरिबवर्ग प्रति सम्वेदनशील उपभोक्ता समूहका सदस्यहरू, वन उपभोक्ता समितिका नेतृत्व वर्ग, राजनितीकर्मीहरू, केन्द्र स्तरका सरकारी निकाय, जिल्ला वन कार्यालय, रेन्ज पोष्ट, निजी, गैर सरकारी र अन्य संघ संस्थाका साथै उद्योगसँग सम्वन्धित संघ संस्थाका जिम्मेवार व्यक्तित्व, बैंक र वित्तीय संस्थाहरूको सामूहिक प्रयास भएको खण्डमा सामुदायिक वनमा आधारित गरिबमुखी उद्योगको विकास गर्न सकिन्छ । यसका लागि खाँचो केवल सही धारणा, प्रतिवद्धता र सकारात्मक सोचाइको छ । प्राकृतिक स्रोत, सीप, जाँगर, मानवीय शक्ति र स्रोत गाउँ घरमै प्रशस्त छन् । यसका लागि विदेशीको मुख ताकि रहनु आवश्यक छैन ।

## सन्दर्भ सामाग्री

Nurse, M.; D.B. Khatri; D. Paudel and B.K. Pokharel (2004). Rural Enterprenur Development: A Pro-poor approach to enterprise development through community forestry. A paper presented in Fourth National Workshop on Community Forestry. August 4-6, 2004. Kathmandu

Scherr, S.J., A White and D. Kaimowitz (2004). A New Agenda for Forest Conservation and Poverty Reduction: Making markets work for low income producers. Forest Trends, CIFoR and IUCN.

(लेखक नेपाल स्वीस सामुदायिक वन परियोजनामा कार्यरत हुनुहुन्छ ।)